पञ्चकन्या गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

लाकुरीभञ्ज्याङ, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.सं.: २०८०/८१

च.नं.: 2698

मितिः २०८१/०३/२८

विषयः विद्यालय सञ्चालन सम्बन्धमा।

श्री सामुदायिक विद्यालयहरु सबै,
पञ्चकन्या गाउँपालिका,नुवाकोट।

प्रस्तुत विषयमा यस गाउँपालिकाको शैक्षिक सत्र २०८१ को शैक्षिक पात्रोअनुसार यहीं २०८१ असार १५ गतेदेखि श्रावण २८ गतेसम्म वर्षे विदा दिइएको व्यहोरा अवगत नै छ। यस सन्दर्भमा एकैपटक लामो समयसम्म विद्यालय विदा रहँदा विद्यार्थीको सिकाइको विस्मरण हुने सहित निर्धारित पाठ्यघण्टा अनुसारको समयावधि नपुग्ने स्थिति देखिएको छ। यस सम्बन्धमा आमअभिभावक एवम् सरोकारवालाबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा विभिन्न माध्यमबाट निरन्तर चिन्ता र चासो व्यक्त समेत भएको छ। संघीय शिक्षा नियमावली,२०५९(संशोधनसमेत) को नियम ८४ मा विद्यालयमा कम्तिमा २२० दिन काम गर्नैपर्ने उल्लेख छ। नियमावलीअनुसार कम्तिमा २२० दिन विद्यालय खुल्ने दिन सुनिश्चित गरि थप सिकाइ अवधिको विस्तारसहित विद्यार्थीको खस्किएको सिकाइ अवस्थालाई सुधार गरि सुदृढ सिकाइको लागि पर्याप्त समय व्यवस्थापन गर्न बाञ्छनिय र अपरिहार्य भएकोले पात्रोमा निर्धारित वर्षे बिदालाई संशोधन गरि यहीं २०८१ श्रावण ६ गते आइतबार देखि विद्यालय अनिवार्य रुपमा नियमित सञ्चालन गरि पाठ्यक्रमले निर्दिष्ट गरेअनुसार विद्यार्थी पठनपाठन तथा सिकाइ सहजिकरण गर्न/गराउनहुन यस कार्यालयको मिति २०८१/०३/२७ को निर्णयानुसार अनुरोध छ।

..............................

(धर्म राज रिमाल)

शिक्षा अधिकृत

Email : edu.panchakanya@gmail.com, Web: www.panchakanyamun.gov.np